नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
राष्ट्रिय बाल अधिकार परिषद्
National Child Rights Council-NCRC
श्रीमहल, पुल्चोक, ललितपुर

पत्र संख्या :

चलानी नं. :

# विज्ञप्ति

## कुनै पनि प्रदर्शन, जुलुस, बन्द, हड्ताल तथा धर्नामा बालबालिकाको प्रयोग नगरौं !

मिति २०८२ साल भदौ २३ गते सोमबारका दिन काठमाडौंको माइती घर, नयाँ बानेश्वर सहित देशका अन्य केही ठाउँमा जेन-जी पुस्ताको नामबाट भएको प्रदर्शनमा बालबालिका प्रयोग भएको तथा सहभागी रहेको विषयमा राष्ट्रिय बाल अधिकार परिषद्को ध्यान आकर्षण भएको छ । आमाको गर्भावस्थामा भ्रूण रहेको दिनदेखि बाँच्न पाउनु, बाबुआमा, घर परिवारका सदस्य र संरक्षकबाट संरक्षण पाउनु, शारीरिक, मानसिक, बौद्धिक तथा शैक्षिक, सामाजिक र सांस्कृतिक विकास हुन पाउनु, उमेर अनुसार विचार र भावनाको कदर पाउनु तथा बाल अधिकार संरक्षण तथा प्रवर्द्धन हुने हरेक कार्यमा सहभागी हुन पाउनु बालबालिकाका नैसर्गिक अधिकार हुन । तर अठार वर्ष उमेर पूरा नभएका बालबालिकालाई प्रत्यक्ष बाल अधिकार संरक्षण तथा सम्वर्धन हुने बाल सहभागिताका कार्यहरु बाहेकमा कसैले पनि आफ्नो स्वार्थ पूरा गर्ने प्रयोजनका लागि संगठित गर्ने वा, हड्ताल, बन्द, चक्काजाम धर्ना वा जुलुसमा प्रयोग गरेमा बालबालिका विरुद्धको कसूर मानी त्यस्तो कार्य गर्ने गराउनेलाई पचहत्तर हजार रुपैयाँसम्म जरिबाना र तीन वर्षसम्म कैद हुने कानूनी व्यवस्था रहेको छ । उल्लिखित प्रदर्शनमा घटेका घटनाका कारण आजदेखि केही दिनका लागि विद्यालयहरुमा पठन पाठन बन्द भएको जानकारी रहेकोले राज्यले बालबालिका र विद्यालयलाई शान्ति क्षेत्र घोषणा गरेको हुँदा संवाद मार्फत समस्याको समाधन गरी छिटोभन्दा छिटो विद्यालयमा शान्ति पूर्वक अध्ययन अध्यापन गर्न सकिने वातावरण बनाउन सम्वद्ध पक्षलाई परिषद् आव्हान गर्दछ । अतः बाल अधिकारको संरक्षण तथा सम्मान गरी परिपूर्तिको सुनिश्चितता गर्न, गराउन कुनै पनि प्रदर्शन र आन्दोलनमा बालबालिकाको सहभगिता नगराउनु हुन तथा सहभागी नहुन आयोजक समूह, विद्यालय, बालबालिकाका बाबुआमा तथा अभिभावक र स्वयम् बालबालिकालाई राष्ट्रिय बाल अधिकार परिषद् हार्दिक अपील गर्दछ ।

प्रदर्शनको क्रममा दीवंगत हुनेहरुप्रति भावपूर्ण श्रद्धाजी व्यक्त गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

२०८२/०५/२४

रामबहादुर चन्द

मितिः २०८२/०५/२४

अधिकृत तथा सूचना अधिकारी

"बालबालिकामा लगानीः सुनिश्चित भविष्यको थालनी"

फोन नं. : ०१- ५४५०१२१, ५४५०१२४, ५४५०१४७
Tel. : 01-5450121, 5450124, 5450147

E-mail : contact@ncrc.gov.np
Website : www.ncrc.gov.np
E-Portal : www.childrights.gov.np